नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

**मूल्य अभिवृद्धि कर (VAT) का झुट्टा तथा नक्कली विजकको प्रयोग गर्ने तपसिलका २ (दुई) वटा फर्म र ३ जना व्यक्ति उपर रु. १,७४,२१,८७०।- (एक करोड चौहत्तर लाख एक्काइस हजार आठ सय सत्तरी) विगो र विगोको दोब्बरसम्म जरिवाना र ३ वर्ष कैद सजायको माग दावी लिई काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६/०८/०१ गते मुद्दा दायर गरिएको छ ।**

**१. गोरखा जिल्ला हंसपुर गा.वि.स. - ५ मा स्थायी वसोवास भई हाल काठमाण्डौ महानगरपालिका- ३२ वस्ने अम्बेल ईन्टरप्राईजेज (स्थायी लेखा नं. ६०६३९०८६४) को प्रोप्राईटर विनिता दुवाडीलाई राजस्व चुहावट गरेको अभियोगमा रु.१,२८,७६,५४५।१४ विगो कायम गरी विगोको दोब्बरसम्म जरिवाना र ३ वर्षसम्म कैद सजायको मागदावी लिई मिति २०७६/०८/०१ गते मुद्दा दर्ता गरिएको ।**

**अम्बेल ईन्टरप्राईजेज (स्थायी लेखा नं. ६०६३९०८६४)** ले वस्तु तथा सेवा खरिद नै नगरी झुट्टा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको । प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), (च) र (छ) बमोजिमको कसुर गरी **मु.अ.कर तर्फ रु. ४०,३४,६३९।९६** र **आयकर तर्फ रु. ८८,४१,९०५।१८** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम हुने जम्मा विगो **रु.१,२८,७६,५४५।१४ (अक्षरुपी एक करोड अट्ठाईस लाख छयत्तर हजार पाँचसय पैतालिस रुपैया पैसा चौध)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले **अम्बेल ईन्टरप्राईजेज (स्थायी लेखा नं. ६०६३९०८६४)** का प्रोप्राईटर **विनिता दुवाडीलाई** उल्लिखित कसुर अपराधमा राजस्व

चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) वमोजिम विगो रकम **रु. १,२८,७६,५४५।१४** असुल उपर गराई विगोको दोब्बर सम्म जरिवाना गरी ३ वर्षसम्म कैद सजाय हुन माग दावी लिई काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६।०८।०१ गते मुद्दा दर्ता गरिएको ।

**२. काठमाण्डौ महानगरपालिका-३२ वस्ने सुसज्जित ईन्टरप्राईजेज (स्थायी लेखा नं. ६०२२५०५९७) का प्रोपाईटर सरस्वती गौतम समेतले राजस्व चुहावट गरेको अभियोगमा रु. ४५,४५,३२५।- विगो कायम गरी विगोको दोब्बरसम्म जरिवाना र ३ वर्षसम्म कैद सजायको मागदावी लिई मिति २०७६/०८/०१ गते मुद्दा दर्ता गरिएको ।**

**सुसज्जित ईन्टरप्राईजेज (स्थायी लेखा नं. ६०२२५०५९७)** ले वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको । प्रतिवादीहरुले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क) र (ख) बमोजिमको कसुर गरी **मु.अ.कर तर्फ रु. १३,८६,७८४।-** र **आयकर तर्फ रु. ३१,५८,५४१।-** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम हुने जम्मा विगो **रु. ४५,४५,३२५।- (पैंतालिस लाख पैंतालिस हजार तीन सय पच्चिस मात्र)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले **सुसज्जित ईन्टरप्राईजेज (स्थायी लेखा नं. ६०२२५०५९७) प्रोप्राईटर सरस्वती गौतम तथा निजको** श्रीमान् **रामशरण गौतम समेतलाई** उल्लिखित कसुर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) वमोजिम विगो रकम रु. **४५,४५,३२५।-** असुल उपर गराई विगोको दोब्बर सम्म जरिवाना गरी ३ वर्षसम्म कैद सजाय हुन माग दावी लिई काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६।०८।०१ गते मुद्दा दर्ता गरिएको ।

**सूचना अधिकारी**

**राजस्व अनुसन्धान विभाग**